धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, मधेश प्रदेश, नेपाल
Dhangadhi, Siraha, Madhesh Province, Nepal
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238, 033-545271

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

प.सं.(Letter No.): २०७८।०७९
च.नं.(Ref.No.):

मितिः२०७८/११/०५

# बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दर्ता गर्ने सम्बन्धी सूचना।

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभुत गराउन तोकिएको मापदण्ड पुरा गरेका नेपाली नागरिकले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सञ्चालन गरिने सार्वजनिक योजनाहरुमा संलग्न हुन ईच्छुक बेरोजगार व्यक्तिहरुले २०७८ फागुन मसान्त भित्रमा आफू स्थायी बसोबास गरेको वडा कार्यलयमा आ.ब.२०७९/०८० का लागि तोकिएको ढाँचामा आवेदन फारम भरी पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी मापदण्डः**

(क) आवेदन दिने व्यक्ति १८ देखि ५९ बर्ष उमेर समुहको हुनुपर्ने,

(ख) निवेदन दिंदाको मिति सम्म सोही आर्थिक बर्षमा न्यूनतम एक सय दिनको रोजगारीमा संलग्न नभएको हुनु पर्ने,

(ग) स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिंदाको मिति सम्म सोही आर्थिक बर्षमा न्यूनतम एक सय दिनको रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय (चालु आ.ब. को सन्दर्भमा रु.५७,७००/-) भन्दा कम आय भएको हुनु पर्ने।

प्रमुख प्रशासकीय अधिकृत